Volume 2, Number 1, Year 2026, Yugavani, ISSN: 2738-9685
**युगवाणी** (वर्ष २, अङ्क : १, वैशाख २०८३ )
विज्ञसमीक्षित, द्विभाषिक, अर्धवार्षिक अनुसन्धान जर्नल

# 'राजकुमार अभिजीत' लोककथामा प्रतिविम्बित लोकविश्वास

**कृष्णप्रसाद घिमिरे**[1*]

**Krishna Prasad Ghimire**[1*]

[1*] लुम्बिनी प्राविधिक विश्वविद्यालय, बाँके, सेवा आयोग ।
[*]Email: krishnaprasadghimire@gmail.com
Article History: Received: *Jan. 05, 2026* *Revised: Feb. 11, 2026* *Accepted: June 04, 2026*

**लेखसार**

प्रस्तुत लेखले नेपालको ग्रामीण परिवेशमा बहुप्रचलित लोककथामा अभिव्यक्त लोकविश्वासलाई उद्घाटित गरेको छ । यसमा स्रोताको श्रवणशीलता, वक्ताको वाक्पटुता तथा सामाजिक परम्पराको गतिशीलता अविच्छिन्न रुपले प्रवाहित भइरहेको देखिन्छ । नेपाली समाजका लोककथाहरु अहिले प्रयोगमा देखिन थालेको न्यूनताले गर्दा लोपोन्मुख हुने अवस्थामा छन् । तिनले हामीलाई पुर्खाको ज्ञान, व्यावहारिक कला तथा संस्कृति प्रदान गरेका हुन्छन् । ती लोककथामा लोकसंस्कृति अन्तर्घुलित भएर अङ्कित भएको हुन्छ । लोककथामा संस्कृति दुई रुपबाट अभिव्यक्त भएको पाइन्छ : परा तथा अपरा संस्कृति । परा संस्कृतिले अध्यात्म, धर्म, संस्कार, कर्म-फल, मोक्ष, पुनर्जन्म, पाप-पुण्य, बन्धन (मुक्ति, जस्ता आध्यात्मिक र परलोकसँग सम्बन्धित ज्ञानलाई जनाउँछ भने यसलाई अभौतिक संस्कृति पनि भनिन्छ । अपरा संस्कृति भन्नाले भौतिक, सांसारिक, व्यावहारिक जीवनशैली, विज्ञान, कला, साहित्य, परम्परा, रीतिरिवाज एवम् सामाजिक संरचनासँग सम्बन्धित ज्ञानलाई जनाउँछ । सरल शब्दमा परासंस्कृति आत्मा र आध्यात्मिक सत्यसँग जोडिन्छ भने अपरासंस्कृति हाम्रो दैनिक जीवन, व्यवहार र भौतिक संसारसँग जोडिन्छ । यस 'राजकुमार अभिजीत' लोककथाले अपरा संस्कृतिबाट राजा हरिहर वम र रानी इन्दुमतीले मणिदास महाराज तथा उनका चेला धर्मदासबाट निःसन्तानले प्राप्त गरेको सन्तानसुख, राज्यको सुरक्षानीतिमा राजाको भूमिका, राजा र प्रजाको सम्बन्ध, जनकल्याणका कार्यजस्ता विविध विषयलाई उत्खनन गरी सामाजिक सद्भाव अभिवृद्धि गर्न महङ्खवपूर्ण भूमिका खेलेको देखिन्छ ।

**शब्दकुञ्जी :** अपरासंस्कृति, अलिखित साहित्य, मृत्युदण्ड, परासंस्कृति, लोकवार्ता ।

## विषयपरिचय

प्रस्तुत लेख लोकवार्ताअन्तर्गत लोकसाहित्यको लोककथामा केन्द्रित रहेको छ । लोकवार्तालाई लोकसाहित्य, मौखिकसाहित्य वा अलिखित साहित्य पनि भनिन्छ । नेपाल, भारत, म्यानमार, श्रीलङ्का, बङ्गलादेश जस्ता देशमाहरुमा लोकसाहित्य शब्द बढी प्रचलित छ । त्यही लोकवार्ताभित्र लोककथा, लोकगाथा, लोकगीत, लोककविता, लोकनाटक लगायतका धेरै विधा र लोकसंस्कृतिहरु समावेश भएका हुन्छन् । नेपाली संस्कृतिका धरोहर मानिने लोककथाहरु सामाजिक परम्परामा गङ्गानदी जस्तै निरन्तर अविच्छिन्न रुपमा प्रवाहित भइरहेका छन् । अहिले तिनीहरुको प्रयोगमा केही न्यूनता देखिन थालेको छ । तिनको जगेर्ना र संरक्षण गर्नु सचेत नागरिकको दायित्व हो । तिनले हामीलाई पुर्खाको ज्ञान, व्यावहारिक कला तथा परम्परागत मौलिक संस्कृति प्रदान गरेका हुन्छन् । ती लोककथामा लोकसंस्कृति अन्तर्घुलित भएर प्रकटित भएको हुन्छ । तिनीहरुको अध्ययन दुई दृष्टिकोणले गर्ने गरिन्छ । ती हुन् : समष्टिगत र व्यष्टिगत अध्ययन । समष्टिगत लोकसाहित्यको संरचनात्मक अध्ययन गर्दा लोकवार्ताका विधाको विधाताङ्खिवक अध्ययन हुन्छ भने

व्यष्टिगत अध्ययनमा त्यस विधाको सांस्कृतिक तथा भाषिक अध्ययन पनि गरिएको हुन्छ । यी दुवै संस्कृति लोककथामा पाइने भएकाले लोककथाको अध्ययन र अन्वेषण हुनु मानवजीवनका लागि आवश्यक देखिन्छ ।

लोकसाहित्यका सबै विधाहरुको आआफ्नै विशेषता हुन्छ तापनि लोककथामा प्राचीन, ज्ञान, कला र सद्भाव जागृत गराउने अमूल्य क्षमता लुकेको पाइन्छ । यहाँ विश्लेषण गरिने 'राजकुमार अभिजीत' लोककथामा साधुहरुको अदृश्य क्षमता प्रदर्शन गरिएको छ । अहिलेका गुप्तचर सुरक्षा निकायको जस्तो त्यतिबेलाका सन्तहरुको व्यवस्था थियो कि भन्ने देखिन्छ । कुनै कुराको खोज अनुसन्धानद्वारा भविष्यप्रति मानवलाई सचेत गराउने दृष्टि यस कथाका राजा हरिहर वमले बाबा मणिदास महाराजबाट पाएका छन् । यसले काठमाडौँका नदीको नाम बागमती, विष्णुमती, इक्षुमती, रहे जस्तै त्यतिबेला देश तथा राज्यका नाम पनि पुष्कलावती, चर्मण्यावती, सुवर्णपुरी रहने चलन हाम्रो प्राचीनकालमा रहेको देखाइन्छ । यस विषयमा थप बृहत्तर अनुसन्धान हुनु आवश्यक छ । पूर्व मध्यकालको आरम्भतिर नेपालमा विशाल सिँजासाम्राज्य (११-१४ औँ शताब्दी) हुन्छ । त्यसका दुई प्रमुख शासकीय प्रान्त खसान तथा जडान हुन्छन् । खसानमा (खस जाति ) र जडानमा (भोटेजातिको) बाहुल्य रहेपनि अरु धेरै जातजातिसँग मिलेर बसेका हुन्छन् । विशाल सिँजाराज्य अहिलेको गण्डकी नदीदेखि पश्चिम कर्णाली, महाकाली हुँदै भारतको उत्तराखण्ड, उत्तराञ्चल, कश्मिर, लद्दाखसम्म फैलिएको हुन्छ (घर्ती, घिमिरे र अन्य, २०८३, पृ. १४८) । ती मध्ये खसान क्षेत्रको कर्णालीमा केन्द्रविन्दु भएर वि.सं. १५६१ अर्थात् सन् १५०५ सालमा ठुलो भूकम्प जान्छ । पहाडमा धेरै चिरा पर्छन् । नदी थुनिएर पहिरो र बाढीले जनधनको निकै विनाश हुन्छ । नदी किनारका मानव बस्तीहरु तहसनहस बन्दछन् । बाँचेका मानिसहरु सुगम र सुरक्षित वासस्थानको खोजीमा पूर्वतिर लाग्दछन् ।

राजनैतिक कारणले बाइसे चौबिसे राज्यको निर्माण भएको बेलामा पनि लोककथाहरुले मानिसलाई मानसिक र शारीरिक स्वस्थता दिएका हुन्छन् । त्यही बेलाको सङ्केत गर्ने एउटा महङ्खवपूर्ण लोककथा 'राजकुमार अभिजीत' हो । यसले निःसन्तान राजारानीको मानसिक छटपटी, बाबा मणिदासले दिएको सञ्जीवनी फल खाएर जन्मेको राजकुमार अभिजीत र सुसारे प्रभावतीबाट जन्मेकी मधुमतीको सङ्घर्ष, धर्मदासले भनेको नमानी पाटीपौवा नबनाएर नारीको अवहेलना गर्दा राजा र प्रजाले पाएको दुःख, चर्मण्यावती राज्यका जीतपुर गाउँको पूर्वमा रहेको इन्द्रेणी वनको डाँडामा कुटी बनाएर बसेका बाबा मणिदास, चेला धर्मदास, इन्द्रेणी वनमा बडेमानको राँगोले बाटो छेक्नु, राजाको बिन्ती सुनेपछि अलप भएर बाटो छोड्नु, सेतो धोती लगाएको पुण्यव्रत केटो अचानक प्रकट हुनु , चौकीदार ढुङ्गाले डरबाट बचाउनु, पश्चिमी राज्य सुवर्णपुरीको एउटा गाउँमा लुकेर बसेकी प्रभावती र छोरी मधुमतीको आत्मसङ्घर्ष लगायत अन्य आकर्षक सन्दर्भले कथाबाट ज्ञान, सन्तको शक्ति र राम्रो व्यवहारबाट मिल्ने फाइदाहरुलाई इङ्गित गरेको छ । त्यसैले कथा पठनीय तथा विश्लेषणीय रहेको प्रमाणित हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक पद्धतिमा आधारित छ । यसका सामग्रीको सङ्कलन स्थलगत भ्रमणकार्य र सैद्धान्तिक विश्लेषणविधिबाट गरिएको छ । लोककथाको सामग्री सङ्कलन क्षेत्रकार्यद्वारा सोद्देश्यमूलक नमुना छनोट विधिबाट गरिएको हुनाले विषयवस्तुलाई विश्लेषण विधिद्वारा सत्यापित गरिएको छ । लोककथाको अनुसन्धान गर्दा एकल विधिमा मात्र निर्भर नभई बहुविधिको प्रयोग गर्नु उपयुक्त हुने गर्दछ । मौखिक परम्पराका लोककथाको विश्लेषणले साहित्यको स्वरुप देखाउँछ भने समाजशास्त्रीय र मनोवैज्ञानिक विश्लेषणले गहिरो अर्थ खुलाउँछ । त्यसमा विधाताङ्खिवक अध्ययनले संरचनात्मक पक्षलाई स्पष्ट पारेको हुन्छ ।

## सैद्धान्तिक पर्याधार

लोकमा प्रचलित, लोकद्वारा सृजित, लोकमान्यताबाट अनुबन्धित तथा श्रुति परम्परामा आधारित कथालाई लोककथा भनिन्छ । कतिपय व्यक्तिले कथा र लोककथालाई एउटै रुपमा अर्थ्याएका हुन्छन् । वस्तुतः कथाको अभिव्यक्ति लिखित साहित्यमा हुन्छ भने

लोककथाको अभिव्यक्ति मौखिक साहित्यमा हुन्छ। त्यसैले लोककथा मौखिक, श्रुति परम्परामा प्रवाहित भएको मानिन्छ। आधुनिककथा पाठ्यविधा हो भने लोककथा श्रव्यविधा हो। सामान्य रुपमा आधुनिक कथाहरु लौकिक विषयसँग बढी सम्बन्धित हुन्छन् भने लोककथा लौकिकसँगै अलौकिक वा पारलौकिक विषयसँग पनि सम्बन्धित हुन्छन्। लोककथामा झल्काइएको स्वप्नशीलता र कल्पनाशीलतासँग अद्यतन मनुष्यको मनका सपना-कल्पनाले तादात्म्य राख्ने हुनाले आधुनिक स्रष्टाहरुले यसको श्रवण-पाठनबाट नवयुगसापेक्ष स्वरसन्धान गर्न अभिप्रेरणा पाएका हुन्छन् (अवस्थी, २०८०, पृ.सम्पादकीय)। लोककथामा मूलतः वस्तु र शैलीविश्लेषण गर्ने दुई पद्धति बढी प्रचलित छन् तापनि अभिव्यक्तिगत, संरचनात्मक, सन्दर्भगत, परिवेशगत, विधाताङ्विक तथा सन्देशमूलक लगायतका आधारमा पनि लोककथाहरु अध्ययनीय बनेका हुन्छन्। स्रोताका मनमा पार्ने अमिट प्रभाव एवम् आख्यानात्मक कौतूहल यसका विधागत विशेषता बनेका हुन्छन्। यस ‘राजकुमार अभिजीत’ लोककथाले नेपालको मध्य तथा सुदूरपश्चिमाञ्चलभित्र पर्ने प्रचीनकालीन इतिहासको गौरवगाथा र मानवीय जीवनवृत्तिका आधारहरुलाई सूक्ष्म रुपबाट इङ्गित गरेको छ। त्यसैले सन्दर्भगत एवम् सन्देशमूलकका केही प्रवृत्तिहरुमा आधारित रही यस लोककथाको सैद्धान्तिक अध्ययन गर्नु वाञ्छनीय रहेको देखिन्छ।

## लोकविश्वासको अर्थ

साहित्य र व्यवहारमा शुभाशुभ भावलाई जनाउन लोकविश्वास शब्दको प्रयोग गरिन्छ तापनि संस्कृत भाषामा भने लोकविश्वासका ठाउँमा शकुन शब्द प्रयोग भएको पाइन्छ। शकुन शब्दले लोकले विश्वास गर्ने शुभाशुभ सन्दर्भलाई सङ्केत गर्छ। त्यसैले प्राचीन समयमा शकुन भनेर लोकविश्वासलाई भनिएको हुन्छ। अमरकोशमा ‘शकुन्ति पक्षी शकुनी शकुन्तः शकुना-द्विजा’ भनिएको हुनाले शकुन शब्दको अर्थ पन्छी पनि हुन्छ। पशुपन्छीहरुलाई शुभाशुभ सङ्केत गर्ने प्राणी स्वीकार गरिन्छ। काग, चिभे, धोबिनी, सारौँ (डाङ्ग्रे), भँगेरा, मयूर आदि चराहरुले घरको नजिकमा सर्प, बिरालो, स्याल आदि प्राणी देखे भने अनौठो आवाज निकालेर सङ्केत गर्छन्। क्रौञ्च पन्छीको आवाज यज्ञारम्भको समयमा सुनियो भने शुभ सङ्केत हुने ठानिन्छ। यिनको व्यवहार र बोलीमा विश्वास गर्दै शुकसागर, बाजपरीक्षा, पिकदूत आदि कृति पनि संरचित भएका प्रमाण पाइन्छन्।

## धार्मिक तथा पौराणिक ग्रन्थमा लोकविश्वास

रामायण कालीन समयमा मृगले दाहिने वा देब्रे पारेर हिडेको, गिद्धले ध्वनि निकालेको तथा कुकुरले छुट्टै ध्वनि निकालेको प्रसङ्गलाई लिएर शुभाशुभ हुने विश्वास व्यक्त भएको छ। त्रेता युगमा पनि आकाशमा विचरण गर्ने प्राणी र पृथ्वीमा रहने प्राणीले अपशकुन बोलेको आधारमा मानव समाजमा लोकविश्वास कायम रहेको धारणा अभिव्यक्तिपरक सत्यबाट पहिचान हुन्छ। स्वयम् भगवान् रामको मुखबाट भनिएको कथनमा लोकविश्वासको प्रसङ्ग उल्लेख भएको हुनाले पन्छी, मृग, गिद्ध, कुकुर, काग आदि प्राणीको गति, स्वभाव र चेष्टालाई देखेर शुभाशुभ प्रकट हुने विश्वास व्यक्त हुन्छ।

‘अशुभं बत मन्येऽहं गोमायुर्वाश्यते यथा।

स्वस्ति स्यादपि वैदेह्या राक्षसैर्भक्षणं विना’। (गीताप्रेस, २०६६, पृ. ५९७)।

(अर्थात् मेरो बायाँतर्फ दौडिने मृगले स्यालको जस्तो बोली निकालेको छ। यसले कुनै अशुभ सङ्केत गरेको छ। जङ्गलको बिचमा बसेकी सीतालाई कुनै राक्षसहरुले त खाएनन् भनेर रामले मनमा शङ्का गरेका छन् पौड्याल, २०७८, पृ.३ )। स्थल र नभमा विचरण गर्ने प्राणीले अनौठो आवाज गरेमा शुभाशुभ फल लाग्ने विश्वास यस अभिव्यक्तिमा आएको हुनाले रामायणकालीन समयमा पनि लोकविश्वास प्रयोगमा रहेको पाइन्छ। रामको वनवासका बेला लक्ष्मणले सीताको सुरक्षाका लागि कुटीमा लक्ष्मण रेखा प्रयोग गरिएको प्रसङ्ग पाइन्छ। बन्धनभित्र राख्ने रेखा प्रयोग गरेको खण्डमा सुरक्षा हुने विश्वास गरेर रामायणकालीन समयमा लक्ष्मण रेखाको उपयोग गरिएको छ। प्राचीन समयदेखि प्रचलित रहेका यस्ता लोकविश्वासहरु अहिले विस्तार भई खरानी, सिस्नो, सिउँडी, पाती, बेसार, पिठो,

पानी आदि वस्तुको रेखो गराउने सन्दर्भ बनेका छन् । यिनले नेपाली जनको सुरक्षा गर्ने विश्वास भएकाले मानव समाजमा प्रचलित भइरहेका छन् ।

## सांस्कृतिक अर्थमा लोकविश्वास

मानव जातिको लोकविश्वास संस्कृतिसँग सन्निकट रहेको हुन्छ । भूगोल, जाति र सम्प्रदायका आधारमा लोकविश्वास फरक हुने भएकाले संस्कृतिले मान्छेलाई विविध विश्वासबाट चिनाएको हुन्छ । संस्कृतिका आधारमा प्रदेशको पहिचान पनि बनेको हुन्छ । कतिपय अवस्थामा बाहिरी रुपमा सांस्कृतिक पहिचान दृष्टिगोचर हुन्छ भने कतिपय अवस्थामा व्यक्तिका विश्वास एवम् आस्थाबाट प्रकट भएका हुन्छन् । त्यसैले पुराकथा, नीतिकथा, उखान, उपाख्यान, धर्मग्रन्थ आदिले निर्देश गरेको र समाजमा प्रचलित संस्कृतिबाट मानिस कहिल्यै पृथक् हुन सक्दैन । निश्चित मान्यता बोकेको समाजमा रहेका सांस्कृतिक पक्षले मानवलाई सभ्य बनाउने काम गरेका हुन्छन् । लोकविश्वासको सन्दर्भबाट नेपाली समाज धेरै धनी देखिन्छ । लोकविश्वसको प्रयोग नेपाली लोक व्यवहारमा निरन्तर भइरहेको छ । रक्षाबन्धन, तिज, दसैं, तिहार, उँधौली, उँभौली, माघी, ल्होसार, समाचखेवा, छठ, नचरी, फागु, गौराजस्ता सांस्कृतिक पर्वका सन्दर्भमा लोकविश्वासका सन्दर्भ स्वतः उपस्थित भएको पाइन्छ ( पौड्याल, २०७८, पृ.२३) । अतः सांस्कृतिक पर्वका सन्दर्भसँग जोडिएर समाजमा प्रचलित संस्कृतिमा तत्स्थानिक समाजका लोकविश्वासको छायाँ व्यक्त भएको देखिन्छ ।

## लोककथाको विश्लेषण

नेपालमा प्रचलित लोककथाहरुलाई विभिन्न आधारमा विश्लेषण गरेको पाइन्छ । 'राजकुमार अभिजीत' लोककथामा राज्यसञ्चालनका विशेष मापदण्ड, राजाका बोलीवचन एवम् व्यवहार, प्रजाहितका लागि गरिने काम, सन्तबाबा अनि सेवक कर्मचारीका व्यवहार लगायतप्रति सूक्ष्मनिरीक्षण गरिएको छ । यसले मान्छेका जीवनमा देखिने समस्या र समाधानका उपायहरु समेतलाई हृदयङ्गम गरी व्यावहारिक प्रस्तुति दिएको हुनाले लोककथा सन्देशमूलक तथा मनमुग्धकारी बनेको देखिन्छ ।

### (क) ऐतिहासिकताको दिग्दर्शन

लोककथाले कतिपय सन्दर्भमा हाम्रो प्राचीन इतिहासलाई कथात्मक रुपमा अभिव्यक्ति दिएको हुन्छ । यहाँ प्रयुक्त राज्यका नाम, साधुहरुको शक्ति अभूतपूर्व रुपमा देखिएको छ । विश्लेषणीय लोककथामा प्रस्तुत निम्न भनाइले इतिहास र वर्तमानको यथार्थलाई केलाएको पाइन्छ : "ठिकै छ त्यसो भए । केही डर मान्नु पर्दैन । मैले चर्मण्यावतीका राजा सुमाल्य सिंहलाई यसको जानकारी गराएको थिएँ । अब तपाईले भण्डारामा भोजन गरेर जानुहोला । दरबारमा फर्केपछि आदेश गर्नुहोला कि पुष्कलावती राज्यमा महिलालाई अपमान कसैले नगरुन् । राज्यको १० ठाउँमा पाटीपौवा निर्माण गर्नू र पश्चिमको राज्य सुवर्णपुरीसित सुलह गर्नुहोला किनकि त्यो राज्यसित बैर गरेको राम्रो हुने छैन । पूर्वको राज्य शक्तिपुरका राजा हर्षवर्द्धन निकै अन्यायी भएकोले जनता निकै पीडामा छन् र रिसाएका पनि छन् । त्यसैले एक वर्षभित्र त्यहाँ आक्रमण गरेमा जित्न सकिने छ । मेरो यति कुरामा ख्याल गर्नुहोला । अब तपाईंहरु जानोस् । म पनि अहिले नै कतै निस्कन लागेको छु ।" एउटा धर्मदास सन्तले पुष्कलावती र छिमेकी राज्यका विषयमा यति धेरै जानकारी राख्नु सामान्य कुरा होइन । यसमा प्रयुक्त नारीको अपमान नगर्ने, दसठाउँमा पाटीपौवा निमार्ण गर्न आदेश दिने जस्ता सन्दर्भहरु ऐतिहासिक जिम्मेवारी बोधका महङ्खवपूर्ण पाटा बनेका देखिन्छन् ।

### (ख) नेपालीपन र संस्कृतिको परिचय

प्रस्तुत 'राजकुमार अभिजीत' लोककथामा बालिका मधुमतीकी आमा प्रभावती इन्द्रेणी वनमा कोइरालाको फूल टिप्न गएको वर्णन पाइन्छ । कोइरालाको फूल टिपेर अचार वा तरकारी खानु नेपालीहरुको आङ्खनै पहिचान हो । आयुर्वेदिक औषधीय गुणले भरिपूर्ण कोइरालोलाई घाँटीको थाइराइड रोगको निदानमा पनि प्रयोग गरिन्छ । (यसलाई हिन्दीमा कचनार/कांचनार तथा अङ्ग्रेजीमा :यगलतबष्ल भ्दयलथ पनि भनिन्छ ।) यस कथामा चौकीदार ढुङ्गा

सम्बन्धी लोकविश्वास र जुठो अम्बा मधुमतीले राजकुमार अभिजीतलाई खान दिएको वर्णन पाइन्छ । यहाँ चौकीदार ढुङ्गाको शक्तिमा विश्वास गर्ने र त्यसको परीक्षण पनि राजकुमारद्वारा गरिएको छ । प्रकृतिपूजक नेपालीले ढुङ्गा, रुख आदिको पूजा गर्ने पुरानो परम्परा हो । यस लोककथामा साधु दरबारमा आउँदा अतिथिको सेवा सत्कार गर्नु, कुटीमा भेट्न जाँदा कोसेली लिएर जानु, समी र बयरका रुखको उल्लेख गरिनु, बाबालाई ढोग गर्नु नेपाली संस्कृतिका पहिचान हुन् । यिनले मान्यजनप्रति सम्मानभाव राखी सत्कार गर्ने संस्कार नेपालीहरुमा विद्यमान रहेको देखाएका छन् । वस्तुतः बाबा र उनका भनाइमा विश्वास गर्नु नै नेपालीपन र संस्कृतिको परिचय हो ।

### (ग) परिवेश सृजित क्रोध/ रिसका आवेगको प्रस्तुति

कतिपय अप्ठ्यारा सन्दर्भहरु परिवेशका कारणले सृजित भएका हुन्छन् । त्यसमा मानिस संयमता गुमाएर बहकिएका हुन्छन् । धेरै नेपालीहरु सफा मन भएका हुन्छन् । उनीहरु अरुको कुभलो सोच्दैनन् र गर्दैनन् । कसैले आङ्नो औकात भन्दा बाहिरको काम गऱ्यो भने उनीहरु झनक्क रिसाउँछन् । मनका आवेगहरुमा रिस वा क्रोध पनि पर्दछ । त्यसलाई नियन्त्रणमा राख्नु मानवीय कर्तव्य हो । यस लोककथामा राजा हरिहर वमले रिसलाई वशमा राख्न नसक्दा अनर्थ भएको स्थितिलाई यसरी प्रस्तुत गरिएको छ :

“राजाले फेरि त्यही केटीलाई सोधे, ‘तिम्री आमा कहाँ छन् ?’

यो प्रश्न सुनेर त्यहीँ कुनामा बसिरहेकी प्रभावती उठेर अगाडि आई र राजारानी तथा मन्त्रीलाई स्वस्ति गरी । यो कुरा थाहा पाएर राजालाई असाध्य रिस उठ्यो । उनले रिसको झोकमा प्रभावतीलाई एक थप्पड हानेर भने, ‘तेरो यत्रो हिम्मत ? आफ्नी छोरीलाई मेरो छोरासित बिहे गर्ने के औकात छ तेरो ? मेरो छोरालाई जालमा पारेर छोरी भिडाउन लागिस् ! यसको बाबु को हो ? बेस्से ! चण्डाल्नी ! तँलाई मैले देश निकाला गरेपछि फेरि यहाँ आउँने आँट कसरी गरिस् ?’

मन्त्रीले ‘महाराज ! महाराज !’ भन्दै धर्मदास गुरुले महिलालाई अपमान नगर्नू भनेको कुरा स्मरण गराउन खोजेका थिए, तर राजा यस बेला कसैको कुरा सुन्ने पक्षमा थिएनन् । उनले मधुमती र प्रभावतीलाई एकै ठाउँमा ल्याएर भन्नु नभन्नु भने । मुखबाट आएका गर्न हुने र नहुने गाली पनि गरे । अश्लील शब्दमा अपमानित गरे । राजकुमार र रानीले रोक्न खोज्दा पनि मानेनन् । अन्तमा राजाले दुवै आमाछोरीलाई छाला काढेर मारिदिनू भन्दै सिपाहीहरुलाई आदेश गरे । आदेश पाएपछि सिपाहीहरुले उनीहरुलाई लछारपछार गर्दै बाहिरतिर लिएर गए । आमाछोरी कङ्कला शब्द गरेर रुनकराउन थाल्दा पनि राजाको मन पग्लिएन । ”

यी राजाका व्यवहार र आदेश क्रोधजन्य परिवेशका उपलब्धिहरु हुन् । यिनले राजाप्रतिको विश्वसमा कमी तथा अनर्थ बाहेक केही निम्त्याएका छैनन् । त्यसैले रिसले पछुतो बाहेक केही दिँदैन भनिएको पाइन्छ ।

### (घ) सूचना, सन्देश र सार्थकता

यस लोककथामा धर्मदासले दिएको सूचनामा रहेर काम गर्दा राजा हरिहरको अभीष्ट पूर्ण भएको छ भने सन्देशलाई नमान्दा राज्यमा आपद् र सङ्कटको स्थिति आएको छ । जीवन सार्थक बनाउन ठूलाबडाले भनेको मानी उचित समयमा सही काम गऱ्यो भने समस्या समाधान हुन्छ भन्ने सन्देश यस लोककथाबाट प्रवाहित भएको छ । राजालाई परेको ठूलो समस्या समाधान गरिदिन धर्मदास भन्दछन् :

“दासी प्रभावतीले एउटा गल्ती गरेकी थिई र त्यसको सजाय भोगिसकेकी छे । मेरो गुरुले महारानीको लागि दिएको सञ्जीवनी फलको एक टुक्रा उसले कुतुहलवस खाएकी थिई । त्यसैको प्रभावले गर्दा ऊ धर्मदेव नामको सिपाहीको सम्पर्कमा गएर वेहोस भएकी थिई । त्यस समयमा धर्मदेवले नै उसलाई गर्भवती बनाएको थियो । यो कुरा स्वयम् प्रभावतीलाई पनि थाहा छैन । धर्मदेव त अहिले तपाईंको सेनापति भइसकेको छ । अश्वपालकी छोरी धनलताको विषयमा पनि मैले हिजो मात्र थाहा पाएको थिएँ कि उनलाई कोशलका मन्त्रीपुत्रले भगाएर लगिसकेको छ । त्यो कुराले गर्दा अश्वपाल आफैं पनि लज्जित छन् । त्यसैले भोलि नै दूत पठाएर हाम्रो मित्रता

अटुट रहनेछ । चिन्ता केही गर्नु पर्दैन भनेर सन्देश पठाउँदा राम्रो होला ।''

यसरी सन्त धर्मदासले व्यक्ति, परिवार तथा राज्यका समस्याहरुको सही सूचना र सन्देशबाट समाधान गराएर राजकुमार अभिजीत एवम् मधुमतीको बिहे भएको देखिन्छ । यस लोककथाले काम गर्दा आउने व्यवधानलाई धैर्य राखेर पन्छाउनु पर्छ भन्ने मूल सन्देश पनि सँगसँगै प्रवाहित गरेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट नेपाली समाजमा विद्यमान र बहुप्रचलित लोककथा मनोरञ्जनात्मक मात्र हुँदैनन्, तिनमा कौतूहल जगाउने, कामप्रति उत्प्रेरणा दिने, मनलाई विरेचन गर्ने, व्यावहारिक सिप अभिवृद्धि गर्ने तथा इतिहासको ज्ञानसहित मानवलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने अमूल्य गुण लुकेको हुन्छ भन्ने सार पाइन्छ । त्यसैले मानव जीवन, जन्ममृत्युको चौघेरामा बाँधिएको भए तापनि उसले संसारमा गर्न हुने एवम् गर्न नहुने कामप्रति सजग र सचेत हुनु पर्दछ । यस 'राजकुमार अभिजीत' लोककथामा राजा हरिहर बमले बाबा मणिदास महाराजका चेला धर्मदासले भनेको सबै काम पूरा नगर्दा कस्तो विपत्ति भोग्नु परेको छ । त्यसको सुन्दर अभिव्यक्ति यस लोककथामा गरिएको छ । राजाले राज्यका जनताको हितलाई नै आफ्नो हित ठानेर आफूले सकेको काम गर्नु पर्दछ । कुनै व्यक्ति वा राजाले क्रोध, वैमनस्य, ईर्ष्यालाई दमन गरी संयमता अवलम्बन नगरे लोककथामा राजा हरिहर बमले नारीलाई अपमान गर्दा भोगेको दुखद् अवस्था सबैले भोग्नु पर्दछ भन्ने गहिरो सन्देश प्रवाह गरेको छ । निःसन्तान इन्दुमती रानीलाई सञ्जीवनी फल खान दिएर पुष्कलावती राज्यको उत्तराधिकारी युवराज पाउने लोकविश्वास, नारीलाई अपमान कसैले नगर्न भन्नू, राज्यका १० ठाउँमा पाटीपौवा निर्माण गराउँदा राजपरिवारलाई कल्याण हुने लोकविश्वास, सन्तबाबा अचानक लोपहुने लोकविश्वास तथा भैँसीलाई बिन्ती गर्दा कुरा बुझेझैँ गरेर बाटो छाडीदिने कुरा यसमा व्यक्त भएका छन् । यति मात्र होइन, सन्त धर्मदासले सङ्कटका बेला राजालाई साथ दिँदै पश्चिमतिरको सुवर्णपुरीका राजा अश्वपालसँग सुलह गर्न लगाउनु, पूर्वको राज्य शक्तिपुरका राजा हर्षवर्द्धन निकै अन्यायी भएर जनतालाई पीडा दिएकाले आक्रमण गर्न लगाउनु राजनीतिक दाउपेचका सन्दर्भ जस्ता जनप्रिय र लोककल्याणकारी काम गर्न निर्देशन दिएका छन् । यस लोककथामा प्रतिविम्बित लोकविश्वासहरुले कतै आश्चर्य, कतै अठोट र कतै मानवीय सञ्चेतना सम्प्रेषण गरेका छन् । प्रस्तुत सन्दर्भबाट जङ्गलको बिच कुटीमा बस्ने साधुसन्त भएर पनि धर्मदास नवप्रवर्तनकारी तथा सही सूचनाका जानकार थिए भन्ने जिज्ञासाको समन यस कथाबाट भएको पाइन्छ । यसरी लोककथाले मानिसलाई व्यावहारिक ज्ञान, काल्पनिक उडान, साधुको शक्ति, राज्य सञ्चालनको युक्ति, वाणीमा सत्यता, कठोरता र निश्छलता लगायतका सबै कुरा समेटेर जीवन जिउने उत्प्रेरणा प्रदान गरेको देखिन्छ ।

## सन्दर्भसामग्रीसूची

अवस्थी, महादेव र अन्य (सम्पा.२०८०), *सुदूरपश्चिमका बात* (लोककथा सङ्ग्रह), कञ्चनपुर : सुदूरपश्चिम विश्वविद्यालय, भाषा, साहित्य तथा संस्कृति अध्ययन केन्द्र, महेन्द्रनगर ।

आचार्य, गोविन्द (२०६२), *लोकगीतको विश्लेषण,* काठमाडौँ : पैरवी प्रकाशन ।

आचार्य, गोविन्द (२०७०), *अवधी लोकसङ्गीतको विश्लेषण,* काठमाडौँ : नेपाल म्यूनिक सेन्टर ।

आचार्य, गोविन्द (२०७१), *थारु जातिको लोकगीत तथा लोकसङ्गीत,* काठमाडौँ : नेपाल म्यूजिक सेन्टर ।

आचार्य, गोविन्द र अशोक थारु (२०७७), *घोराहीको थारु प्रदर्शनकारी कला,* दाङ : घोराही उपमहानगरपालिका कार्यालय ।

गीताप्रेस, (सम्पा.२०४४), *महाभारत* ,(द्वितीय खण्ड), चौ.सं., भारत : गोरखपुर ।

गीताप्रेस, (सम्पा.२०६६), *श्रीमद्वाल्मीकीय रामायण,* ( प्रथम खण्ड), सातौँ सं., भारत : गोरखपुर ।

घिमिरे, कृष्णप्रसाद (२०६९), *अनुसन्धानात्मक समालोचना,* काठमाडौँ : कला बुक सेन्टर ।

घिमिरे, कृष्णप्रसाद (२०६९), *समय सन्दर्भका समीक्षा,* काठमाडौँ : केबिसी पब्लिकेशन ।

घर्ती, दुर्गाबहादुर, कृष्णप्रसाद घिमिरे र बलराम प्रसाईं (२०८३), *कर्णाली प्रदेशमा प्रचलित लोककथामा संस्कृति,* कीर्तिपुर : अनुसन्धान महाशाखामा प्रस्तुत त्रि.वि. ।

पौड्याल, षडानन्द (२०७८), *नेपाली लोकविश्वास,* काठमाडौँ : नेपाल प्रज्ञा(प्रतिष्ठान ।

(२०८२), "राजकुमार अभिजीत", (लोककथा), *मिसन टुडे, रष्ट्रिय दैनिक,* (वर्ष १६,अङ्क १४८, मंसिर १३, शनिबार), पृ. ४-५ ।

रोहतगी, सरोजनी (सन् १९७१), *अवधीका लोकसाहित्य,* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।